# नागार्जुन नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड (७), काठमाडौं** **चैत ४ गते, २०८० साल** **(संख्याः ८)**


कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/११/२२

## भाग २

# सार्वजनिक संरचनाहरुको आकस्मिक मर्मत संभार बजेट परिचालन सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः** नागार्जुन नगरपालिका भित्रका वडा क्षेत्र भित्र भैपरि तथा अत्यावश्यक पूर्वाधार मर्मत कार्यक्रम कार्यान्वयन गर्न **सार्वजनिक संरचनाहरुको आकस्मिक मर्मत संभार बजेट परिचालन सम्बन्धी** अनुदान प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी नागार्जुन नगरपालिकाले देहायको कार्यविधी वनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **सार्वजनिक संरचनाहरुको आकस्मिक मर्मत संभार बजेट परिचालन सम्बन्धी** कार्यविधि २०८० रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “नगरसभा” भन्नाले नागार्जुन नगरपालिकाको नगरसभा सम्झनु पर्दछ।

ख) “कार्यपालिका” भन्नाले नागार्जुन नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ।

ग)  "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ सम्झनु पर्दछ ।

घ)  "नियमावली" भन्नाले नागार्जुन नगरपालिकाको खरिद नियमावली,२०८० सम्झनु पर्दछ ।

ङ)  "लेखा उत्तरदायी अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत वा निजले अख्तियारी दिएको अधिकृत स्तरको कर्मचारी सम्झनु पर्दछ ।

च)  "वडा समिति" भन्नाले नागार्जुन नगरपालिका अन्तर्गतका वडा समितिलाई सम्झनु पर्दछ।

३.  **<u>सार्वजनिक संरचनाहरुको आकस्मिक मर्मत संभार बजेट परिचालन सम्बन्धी अनुदान प्रदान गरिने क्षेत्र र रकमको सिमाः</u>** (१) नागार्जुन नगरपालिकाको वडा कार्यालयहरुबाट कार्यान्वयन गरिने देहायका अत्यावश्यक भौतिक पूर्वाधार तथा सेवा सम्बन्धी आयोजना/कार्यक्रमको लागि **सार्वजनिक संरचनाहरुको आकस्मिक मर्मत संभार बजेट परिचालन सम्बन्धी** अनुदानबाट रकम खर्च गर्न सक्नेछः-

(क)  आपत्कालिन अवस्था जस्तैः- बाढीपहिरो, आगलागी, प्राकृतिक/ प्रकोप, दुर्घटना आदीको तत्काल प्रतिकार्य एवं व्यवस्थापन सम्बन्धि आयोजना/ कार्यक्रम,

(ख)  अति आवश्यक तथा दैनिक सेवा प्रवाह(ढल ढकन, स्थानीय सडकको लागि कन्भेक्स, खानेपानी, सडक वत्ती, पुल,आदि) लाई निरन्तरताको लागि आवश्यक मर्मत संभारको आयोजना/कार्यक्रम,

(ग)  स्थानीय पर्यटन पूर्वाधार तथा सांस्कृतिक संरक्षण आयोजनाको मर्मत संभार/कार्यक्रम, तर,

सार्वजनिक संरचनाहरुको आकस्मिक मर्मत संभार बजेट परिचालन सम्बन्धी अनुदानको बजेटबाट नयाँ आयोजना/कार्यक्रम प्रस्ताव गरि संचालन गर्न पाईने छैन ।

(घ)  प्रति वडा अधिकतम रु. दश लाख रुपैया भन्दा बढिको कार्यक्रम संचालन गरिने छैन ।

४.  **<u>अनुदान माग  र स्वीकृत गर्नेः</u>**  (१) वडा कार्यालयहरुले नगर सभाबाट स्वीकृत बजेटको परिधि भित्र रहि आ-आफनो वडामा तत्काल सम्बोधन गर्नु

पर्ने कार्यक्रमको लागत अनुमान तयार गरि वडा समितिको निर्णय सहित नगरकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(२) वडाबाट प्राप्त माग सारभुत रुपमा आवश्यक भएको देखिएमा प्रमुख प्रशासकिय अधिक समन्वयमा लागत अनुमान स्वीकृत गरी पेश गरिएको कार्ययोजना अनुसार कार्यादेश दिइनेछ।

५. **<u>अनुदान खर्च तथा लेखा परीक्षण गर्ने व्यवस्थाः</u>** (१) सार्वजनिक संरचनाहरुको आकस्मिक मर्मत संभार बजेट परिचालन सम्बन्धी खर्च नगरपालिकाको खरिद नियमावली अनुसार गर्नु पर्नेछ।

(२) स्वीकृत कार्यक्रम/योजनालाई पारदर्शी बनाउनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिमको अनुगमन समितिबाट समेत अनुगमन गर्नुपर्नेछ।

(३) यस कार्यविधी अनुसार प्राप्त अनुदान रकम खर्च गर्न वडा समितिको निणयानुसार आयोजना/कार्यक्रम संचालन र कार्यसम्पन्नको प्रतिवेदन पास गराई रकम भुक्तानीको लागि पेश गर्नुपर्नेछ।

(४) अनुदान रकम खर्चको लेखा परीक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

**आज्ञाले**

**सुमन अधिकारी**

**प्रमुख प्रशासकिय अधिकृत**

नागार्जुन नगरपालिकाद्वारा मुद्रित रु. ५/-

नागार्जुन नगरपालिकाद्वारा मुद्रित रु. ५/-